# कृषि यान्त्रिकरण अनुदान परिचालन (प्रथम संशोधन) कार्यविधि,२०७७

मितिः-२०७७/०६/२२

कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान परिचालन (प्रथम संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ।

२. **कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६ को दफा २ मा संशोधन :** कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०७६ (यस पछि मूल कार्यविधि भनिएको) को दफा २ को खण्ड (घ) मा रहेको **"कृषि कार्यालय"** भन्ने शब्दहरुको सट्टा **"कृषि ज्ञान केन्द्र"** शब्दहरु कायम गरिएका छन् ।

३. **मूल कार्यविधिको दफा ७ हटाइएको छ।**

४. **मूल कार्यविधिको दफा १२ मा संशोधन:** (१) मूल कार्यविधिको दफा १२ को देहाय बमोजिम उपदफा (३),(४) र (५) थप गरिएको छ :

**(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भई सके पश्चात सम्बन्धित कार्यालय वा कार्यान्वयन निकायले अनुसूची-५ बमोजिमका मूल्याङ्कनका आधारहरुमा रही उपभोक्ता छनौट गर्नु पर्नेछ ।**

**(४) उपदफा (३) बमोजिम छनौट भएका उपभोक्ताहरुले आफुले रोजेको आपुर्तिकर्ताबाट कृषि औजार यन्त्र उपकरण प्राप्त गर्न सिफारिस गरिपाउँ भनी कार्यालय वा कार्यान्वयन निकायमा अनुसूची-६(क) बमोजिम निवेदन पेश गर्नु पर्नेछ ।**

**(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भई सके पश्चात कार्यालय वा कार्यान्वयन निकायले सम्बन्धित आपुर्तिकर्तालाई कृषि औजार यन्त्र उपकरण उपलब्ध गराउन अनुसूची-६ बमोजिमको सिफारिस प्रदान गर्नेछ ।**

५. **मूल कार्यविधिको दफा १५ मा संशोधन** (१) मूल कार्यविधिको दफा १५ को शीर्षकमा रहेको **"परीक्षण"** भन्ने शब्दको सट्टा "जानकारी" भन्ने शब्द कायम गरिएको छ ।

(२) मूल कार्यविधिको दफा १५ को सट्टा देहायको कायम गरिएको छः-

**१५. कार्यक्रम कार्यान्वयन निकायले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरेका सम्पूर्ण उपभोक्ताहरुको नाम , ठेगाना लगायतका विवरणहरु मन्त्रालयको सुचनापाँटी, सम्बन्धित जिल्लाको कार्यालयको सुचनापाँटी र वेवसाईट , स्थानीय पत्रिका तथा एकमुष्ट रुपमा प्रदेश स्तरको पत्रिकामा प्रकाशन गरी सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।**

६. **मूल कार्यविधिको अनुसूची-४(ख) मा संशोधनः** मूल कार्यविधिको अनुसूची-४ (ख) को प्रकरण ९ मा रहेको तालिकाबाट "**आपुर्तिकर्ताको नाम**" कोलम हटाइएको छ ।

७. **मूल कार्यविधिमा अनुसूची-६ (क) थप गरिएकोः** मूल कार्यविधिमा देहाय बमोजिम अनुसूची-६(क) थप गरिएको छ :

## अनुसुची -६ (क)

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**उपभोक्ताले कृषि यन्त्र उपकरण प्राप्त गर्न सिफारिस माग गर्ने निवेदन**

श्रीमान् कार्यालय प्रमुख ज्यू, मितिः- ...................... .

...................................... .

विषयः **सिफारिस गरी पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति .............................. को सूचना अनुसार म /हामी अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न छनौट भएकाले तपसिलको आपुर्तिकर्तालाई कृषि यन्त्र उपलब्ध गराउन सिफारिस गरी दिनहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | आपुर्तिकर्ताको नाम | यन्त्रको नाम | मोडल, क्षमता, ब्राण्ड | स्वीकृत दर रु. | अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

निवेदक

नाम थरः

ठेगानाः

दस्तखतः